# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका 日本初ネパール語の新聞 First Nepalese Newspaper in Japan



शिन-ओकुबोमा खुलेको नयाँ रेष्टुरेण्ट
Bamboo छँ
Taste of Himalaya
✓ शान्त र पारिवारिक वातावरणमा स्वादिष्ट भोजनको आनन्द लिँदै, साथीभाइ, आफन्त र इष्टमित्रहरूसँग भेटघाट गर्नका लागि उत्कृष्ट स्थान चाहिएमा
✓ बिबाह, ब्रतबन्ध, जन्मदिन, एनिभर्सरी, पास्नी जस्ता विशेष अवसरहरूमा उत्कृष्ट सेवा सहित पार्टी गर्न सकिने
✓ १ सय ५० सिट क्षमता, स्टेज र साउण्ड सिस्टम सहित नियमित लाइभ म्युजिकको भरपूर मजा लिन सकिने
✓ तपाईंको विशेष दिनलाई अझ अविस्मरणीय बनाउन सदा सेवामा समर्पित
FOR PARTY BOOKING 080-5964-7468
More Information
Tokyo-To, Shinjuku-Ku, Hyakunincho 1-10-17 (Ichibangai Building 2F)
सम्पर्क नं.:- 03-5989-1708



वर्ष १८, अंक १२, २०८२ साउन ०१-१५ Vol. 18, No. 12, July 16-31, 2025


# जापानमा विदेशी-विरोधी भावना बढेकै हो त ?



❑ नेस डेस्क


टोकियो – जापानमा विदेशीहरूको संख्या र विविधता निरन्तर बढिरहेको छ । हालै सम्पन्न चुनावमा अन्तर्राष्ट्रिय आप्रवासीहरूको बढ्दो उपस्थितिलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषय एक प्रमुख चर्चाको विषय बन्यो । विदेशी नागरिकले जापानी नागरिकता नलिएसम्म मतदान गर्ने अधिकार पाउँदैनन्, तर उनीहरू यहाँको बासिन्दाको रूपमा देशको अर्थतन्त्रमा योगदान पुऱ्याउँछन्, कर तिर्छन् र परिवार चलाउँछन् ।

चुनावी परिणामले उनीहरूको जीवनमा प्रत्यक्ष असर पार्ने देखिएको छ । तीन वर्षदेखि जापानमा बसोबास गर्दै आएका अष्ट्रेलियाका ४० वर्षीय साइमन हेन्डरसन यस चुनावलाई जापानको लागि एक महत्वपूर्ण मोड मान्छन् । उनी भन्छन्, 'विदेशी नागरिकले कर तिरेर जापानको विकासमा ठूलो योगदान दिएका छन् । तर, हामीलाई मतदानको अधिकारबाट वञ्चित गरिएको छ र राजनीतिक बहसबाट पूरै बाहिर राखिएको छ ।' उनी थप्छन्, 'हामीमध्ये धेरैको जरा यहाँ गहिरो भइसकेको छ । हामी काम गर्छौं, कर तिर्छौं, परिवार हुर्काउँछौं । तर भोट दिने अधिकार बिना, हामी राजनीतिक रूपमा अदृश्य छौं ।' विदेशी-विरोधी भावना बढ्दै गएकोमा अधिकांश विदेशीहरू »» बाँकी पृष्ठ ७ मा

# शक्तिशाली सरकार कामचलाउ भन्दा माथि उठ्न सकेन

❑ नेस डेस्क

काठमाडौं – नेपाली राजनीति यतिबेला अनेक विरोधाभास र जटिलताबीच गुज्रिरहेको छ । सतहमा हेर्दा सबै ठीकठाक देखिन्छ । तर, भित्री यथार्थ निराशाजनक छ, आम नागरिकको जीवनमा एक प्रकारको वितृष्णा, आक्रोश र भविष्यप्रतिको गहिरो अविश्वास मौलाएको छ । संसददेखि सडकसम्म र संवैधानिक निकायदेखि विश्वविद्यालयसम्म व्याप्त दलीयकरण एवं संस्थागत क्षयीकरणले समाजलाई निराश बनाएको छ भने लाखौं युवाको विदेश पलायनले देशको भविष्यमाथि नै प्रश्नचिह्न खडा गरेको छ । सतहमा सबै ठीकठाक देखिए तापनि आम नागरिकको मनमा यो असन्तुष्टिको आगो किन दन्किरहेको छ ? यिनै सन्दर्भमा केन्द्रीत रहेर वाम विश्लेषक झलक सुवेदीसँग नेपाली समाचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंश:-



झलक सुवेदी
वाम विश्लेषक

**नेपाली राजनीतिको वर्तमान अवस्थालाई कसरी मुल्याङ्कन गर्नुहुन्छ ?**

नेपाली राजनीति यतिबेला एउटा अनौठो कुइनेटोमा छ । आवरणमा हेर्दा लोकतन्त्रका आधारभूत संरचनाहरू जस्तै- संसद, सरकार, न्यायपालिका, निर्वाचन आयोग सबै क्रियाशील देखिन्छन् । स्थानीय तहहरूले जनताको निकट पुगेर काम गरिरहेका छन् । सडक, पुल, खानेपानी, सञ्चार जस्ता विकासका पूर्वाधार विस्तार भएका छन् । यो चित्र हेर्दा देश कुनै ठूलो संकटमा छ जस्तो लाग्दैन । तर, यो चित्रको अर्को पाटो निकै अँध्यारो र निराशाजनक छ । संसद छ, तर सांसदहरूको उपस्थिति विरक्तलाग्दो छ; उनीहरू दलको छायाँ बनेका छन्, जनताका प्रतिनिधि होइनन् । प्रधानमन्त्रीदेखि मन्त्रीहरूसम्ममा देशका समस्याप्रति गम्भीरता देखिँदैन । संवैधानिक निकायहरू, विश्वविद्यालयहरू, र अनुसन्धान संस्थाहरू राजनीतिक भागबन्डा र हस्तक्षेपले थला परेका छन् । अख्तियारजस्तो निकायमा दलीय कार्यकर्ता नियुक्ति हुन्छन्, जसले गर्दा सुशासन र भ्रष्टाचार नियन्त्रणको कुरा मजाक जस्तो बनेको छ । यही विरोधाभासको मूल कारण हो- हाम्रो लोकतन्त्र 'दलतन्त्र' मा »» बाँकी पृष्ठ ७ मा


No.1 TRAVEL We go the extra mile for you
हवाई टिकटका लागि स्वर्णिम अवसर
WINTER & SPRING SPECIAL OFFER
विशेष छुटसहित भरपर्दो हवाईयात्राका लागि सँधै नम्बर वन ट्राभललाई सम्झनुहोला
अन्यत्र भन्दा सुपथ मूल्यमा हवाई टिकटको ग्यारेन्टी
Nepal Airlines · Biman Bangladesh Airlines · KOREAN AIR · CATHAY · malaysia airlines · THAI · AIR INDIA
Sujan: 080-4142-4740 (SB, Viber)
Indra : 080-4142-4741 (SB, Viber)
Kamata Office: 03-6424-5031
/no1travelshibuya
"नम्बर वन ट्राभल"
Kanawa Bld. 2F, 7-52-6 Nishikamata, Ota-ku, Tokyo 144-0051



जापानमा रेस्टुरेन्ट खरिद-विक्री गर्ने नम्बर वन फुदोसान
चिन्ता नगर्नुहोस्!
के तपाईं आफ्नो रेस्टुरेन्ट बेच्ने सोचमा हुनुहुन्छ?
जापानका निम्न शहरहरूमा:
टोकियो | कानागावा | चिबा | साईतामा
ओसाका | नागोया | फुकुओका
यदि तपाईं आफ्नो रेस्टुरेन्ट बेच्ने योजनामा हुनुहुन्छ भने, हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईंको रेस्टुरेन्ट उचित मूल्यमा खरीद गर्नेछौं ।
साथै विक्रीमा रहेको रेस्टुरेन्टको बारेमा जानकरी गराउनु भएमा उचित कमिशन दिइने छ ।
हामी रेस्टुरेन्ट किन्ने र बेच्ने गर्छौं
WE BUY AND SELL RESTAURANT
REAL STYLE 株式会社 REAL STYLE
Contact:
Puja : 070-2639-5628
Dipen : 070-2332-6833
For Japanese:090-3632-6833
〒169-0073 Tokyo, Shinjuku-Ku, Hyakunincho 2-4-5 (804)



GMT International
भिजिट भिसा नेपाल-जापान
080-4150-5314 Viber
तपाईंको बाबुआमा वा आफन्तलाई भिजिट भिसामा जापान बोलाउनुपरेमा हामीलाई सम्झनुहोला ।
दुई दशकदेखिको अनुभवसहित सेवामा हाँजिर छौं ।

## सम्पादकीय

# युवाहरूको विदेश पलायन : रहर कि बाध्यता ?

हरेक दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आफन्तलाई बिदाइको हात हल्लाउँदै आँसु पुछिरहेका परिवार र एनओसी लिन लागेको युवाहरूको भीड अब नेपालको राष्ट्रिय पहिचान जस्तै बनेको छ । हालैका तथ्याङ्कहरूले यो चित्रलाई अझ भयावह र कहालीलाग्दो बनाएको छ । गत आर्थिक वर्षमा कीर्तिमानी ८ लाख ३९ हजार युवा श्रम बेच्न बाहिरिए । यही अवधिमा अध्ययनका नाममा देशको सवा खर्ब रूपैयाँभन्दा बढी पुँजी र अब्बल मस्तिष्क पनि बाहिरियो । यी दुई प्रवृत्ति फरक देखिए पनि यसको जड एउटै हो - स्वदेशमा भविष्यप्रति देखिने अनिश्चितता र निराशा ।

युवा पलायन अब सामान्य रोजाइ वा 'रहर' को विषय रहेन, यो मुलुकको प्रणालीगत असफलताले नागरिकमाथि थोपरेको 'बाध्यता' हो । जब पछिल्लो पाँच वर्षमा ३५ लाखभन्दा बढी युवा, जो देशका लागि पिलर बन्नुपर्थ्यो, खाडीको तातो बालुवादेखि युरोपको चिसो मौसमसम्म आफ्नो श्रम र पसिना बेच्न विवश हुन्छन्, तब यो तथ्याङ्क मात्र रहँदैन; यो राष्ट्रको रित्तिँदै गएको सामर्थ्य र नीति-निर्माताहरूको अकर्मण्यताको जीवन्त प्रमाण बन्छ । सरकार श्रम सम्झौता र न्यूनतम पारिश्रमिक तोक्ने जस्ता झिनामसिना र झारा टार्ने काममा अल्झिरहेको छ, जबकि युवाहरूलाई देशमै रोक्ने ठोस आधार निर्माण गर्नेतर्फ कुनै सार्थक पहल देखिँदैन ।

श्रम बजारको तथ्याङ्कबाटै स्पष्ट भइन्छ कि, विदेशिनेहरूको झण्डै ९० प्रतिशतभन्दा बढी श्रम स्वीकृति लिनेहरू अल्पशिक्षित वा सीप नपुगेका कामका लागि खाडी मुलुक वा मलेसियातर्फ गएका छन् । यद्यपि पछिल्ला वर्षहरूमा रोमानिया, क्रोएसिया, जापान र कोरियाजस्ता देशप्रतिको आकर्षण बढेको छ, तर ती पनि श्रमको खोजीमा हो । रोजगारीको अवसर नपाएपछि युवाहरू जसरी भए पनि विदेश जान तयार छन्, कतिपय त जोखिमपूर्ण बाटो समात्न पनि पछि पर्दैनन् ।

अर्कोतर्फ, 'शैक्षिक पलायन'को नाममा भइरहेको प्रतिभा र पुँजीको दोहोरो रक्तश्राव झनै कहालीलाग्दो छ । वार्षिक एक लाखभन्दा बढी विद्यार्थीले विदेश अध्ययन अनुमति लिनु हाम्रो शिक्षा प्रणाली र भविष्यप्रतिको अविश्वासको सार्वजनिक घोषणा हो । शिक्षाविद्हरूले भनेझैं, समस्या विश्वविद्यालयको डिग्रीमा मात्र होइन, त्यो डिग्रीले 'गरिखाने' आत्मविश्वास र अवसर दिन नसक्नुमा हो । 'पढ्दै कमाउँदै' जस्ता आकर्षक नारा नीति र भाषणमा सीमित छन्, तर यहाँको वास्तविकता भनेको 'पढेपछि पनि कमाउन नसक्ने' नै छ । त्यसैले, अभिभावकहरू आफ्नो जीवनभरको कमाइ र जायज्येथा धरौटीमा राखेर सन्तानलाई विदेश पठाउन तयार हुन्छन्, किनकि त्यो उनीहरूका लागि शिक्षामा लगानी मात्र होइन, अनिश्चित भविष्यबाट सन्तानलाई सुरक्षित निकाल्ने एउटा महँगो 'एक्जिट प्लान' हो । अतः आजको यक्ष प्रश्न हो- यो कहिलेसम्म ? रेमिट्यान्सको तथ्याङ्कमा गर्व गर्ने कि युवाविहीन गाउँघर र रित्तिएको बौद्धिक खजाना देखेर पश्चात्ताप गर्ने ? युवा पलायनलाई रहरको लेप लगाएर सरकार आफ्नो दायित्वबाट पन्छिन सक्दैन । यो संकटको समाधान सतही मलमपट्टीले होइन, गहिरो शल्यक्रियाबाट मात्र सम्भव छ । जबसम्म मुलुकभित्रै योग्यताको कदर, मर्यादित रोजगारीको सिर्जना र भविष्यप्रति आशा जगाउने ठोस राष्ट्रिय संकल्प हुँदैन, तबसम्म विमानस्थलबाट बाहिरिने युवाको लर्को हाम्रो राष्ट्रिय लज्जाको प्रतीक बनिरहनेछ । यो देश अब आफ्ना सन्तानलाई सपना देख्ने अवसर दिन नसक्ने निरीह अभिभावक बन्नु हुँदैन ।




# नेपालीहरूको विदेश मोह र जापान

नेपाली युवा पुस्तामा विदेश मोह भयावह देखिन्छ । सरकारी तथ्याङ्कले सरदर दैनिक ३ हजार भन्दा बढि लक्का जवानहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर विदेश जाने गरेको देखाउँछ भने अनाधिकारिकरूपमा विदेश जानेहरूको कुनै तथ्याङ्क नभए पनि यतिकै संख्यामा दैनिक अन्य नाका प्रयोग भई विदेश जाने गरेको सहजै अनुमान गर्न सकिन्छ । यसले देशभित्रै संभावनाका क्षेत्रहरू नभएकै हो त भन्ने संकेत गरेको भए पनि यथार्थमा त्यसो हो भन्न सकिदैन । हाम्रो समाज युवाहरूलाई विदेश धपाउन उद्यत छ । नेपाली समाजमा विदेशिने सँस्कृति पुरानो भए पनि यसले दीर्घकालिनरूपमा देशलाई फाईदा गरेको मान्न सकिदैन । विगतमा भारतीय तथा बेलायती सेनामा निश्चीत समयावधि सेवा गरेर स्वदेश फर्कने प्रचलन थियो भने अहिले बैदेशिक रोजगारका नाममा संसारका विभिन्न जोखिमयुक्त एवं असुरक्षित बजारमा सस्तो मूल्यमा नेपाली श्रम विक्रि भईरहेका छन् । उनीहरूले पठाएको रेमिट्यान्समा राज्य रमाईरहेको पाईन्छ । नेपाली युवाहरूलाई नेपालमै उपयुक्त रोजगारीको ब्यवस्था गरी स्वदेशमै रमाउने वातावरण बनाउन सरकारको खासै ध्यान जान सकेको छैन । विदेश पलायनमा उद्यत युवाहरूलाई स्वदेशमै रहन प्रोत्साहित गर्न सरकारले उपयुक्त नीति तथा कार्यक्रम ल्याउन सकेको छैन भने हाम्रो समाज एवं घरपरिवारले पनि युवाशक्तिलाई सकभर स्वदेशमै उद्यमशील क्षेत्रमा प्रेरित गर्न सकेको छैन ।

छिमेकी मुलुक भारतलाई छोडेर करीव ८० लाखभन्दा बढि नेपालीहरू विश्वका विभिन्न मुलुकमा अदक्ष कामदारकारूपमा श्रम गरिरहेका छन् । त्यसमा अत्यन्त कम संख्यामा भए पनि उच्च स्तरिय जनशक्ति एवं वौद्धिक क्षमता भएका नेपालीहरू पनि पर्दछन् । देशका विभिन्न क्षेत्रमा अत्यावश्यक पर्ने नेपाली प्राविधिक तथा विद्वत वर्ग विदेश पलायन हुँदा देशमा छिमेकी मुलुकबाट महंगो जनशक्ति आयात गर्नुपरेको र नेपाली पूँजी बाहिरिने गरेको तथ्य हाम्रो सामु छर्लङ्ग छ । विदेशिने सँस्कृति अब निश्चित समयका लागि नभएर अब अनिश्चित कालका लागि बन्न पुगेको छ । लामो समयसम्म विदेशमा रहँदा बस्दा विदेशको हावापानी, रहनसहन, खानपान, सफासुग्घरले जीवनशैलीमा पार्ने प्रभावले गर्दा उनीहरूलाई स्वदेशभन्दा विदेशमा जीवनयापन सहज लाग्नु स्वभाविकै हो । तथापि यो नै स्थायी समाधान भने कदापी हुन सक्दैन । एक त उनीहरू स्वदेशमा संभावना देख्दैनन् अर्को स्वदेश फर्कर के गर्ने भन्ने द्विविधामा उनीहरूको दशकौं बित्ने गरेको पाईन्छ । अन्ततोगत्वा: बूढो हाडछाला लिएर स्वदेश फर्कनेहरूको संख्या अनपेक्षितरूपमा ठूलो हुँदैछ । लामो समयसम्म विदेशिने सँस्कृतिले नेपाली समाजमा अनेकौं विकृति र विसंगतिहरू बढाएको छ । घरपरिवारमा बेमेल, सम्बन्ध विच्छेद, अनैतिक सम्बन्ध, अभिभावकत्वको अभावमा बच्चाहरूमा सहि शिक्षा दिक्षाको यथोचित ब्यवस्थापनको कमी आदीले गर्दा उनीहरूमा देखिने बेवारिसेपन तथा उच्छृङ्खलपन जस्ता विकृतिहरू बढेका छन् । बच्चाबच्चीलाई राम्रो शिक्षादिक्षा दिने नाममा आफ्नो जमिनजग्गा बाझो राखेर वा अरूलाई सुम्पेर गाउँको मान्छे बजारमा, बजारको मान्छे सदरमुकाममा र सदरमुकामको मान्छे पोखरा, काठमाडौं जस्ता ठूला सहरमा बसाईसराई गरी महंगा डेरा लिएर बस्ने, दिनभर हुने फुर्सदमा जुवा, तास, मद्यपान जस्ता अवाञ्छित कुलत र खराव संगतमा फस्ने गरेको हामी पाउँदछौं । कपियले चौपायलाई झैं आफ्ना बालबच्चा अर्काको भरमा सुम्पेर विदेशनै सबथोक हो भनेर रमाउने जमात पनि बढ्दो छ । विदेशमा दुख गरेर कमाएको पूँजी घरजग्गा जस्ता अनुत्पादनशील क्षेत्रमा लगानी भईरहेको छ । रोजगारीका अवसरहरू सिर्जना हुने उद्यमशील क्षेत्रमा लगानी गर्न हाम्रो समाज अझै सकारात्मक हुन सकेको देखिदैन । नागरिकमा देखिएको सचेतनाको कमी, सीपयुक्त जनशक्ति उत्पादन गर्न नसक्ने हाम्रो शिक्षा प्रणाली, विदेश मोहमा चुर्लुम्म डुबेको हाम्रो समाज र देखासिकी र लहैलहैमा जस्तोसुकै मूल्य चुकाएर भएपनि विदेशै होमिन तयार युवा पुस्ताका कारण विदेशिने लर्को घट्दो हैन बढ्दो छ, राज्यले उत्पादन हैन, मानव निर्यात गरेर आफ्नो निकम्मापन प्रदर्शन गरिरहेको



## विचार

✍ -तिलक मल्ल

छ । यसतर्फ सम्बन्धित सबैको समयमै ध्यान जान र जिम्मेवार हुन आवश्यक छ ।

देशभित्रै रोजगारी, उत्पादन, उद्यमशिलताको बिकास नगरी नाराले मात्र समृद्धि आउँदैन । प्रविधिको विकास बिना उद्योग धन्दा कलकारखानाको बिस्तार संभव छैन । साना साना पूँजीलाई एकत्रित गरी विदेशमा भएका नेपालीहरूलाई देशभित्रै सुरक्षित लगानीतर्फ आकर्षित गर्न अब निजी क्षेत्रबाट पनि पहल हुनु आवश्यक छ । सरकारको मात्र मुख ताकेर अब ढिला भईसकेको छ । आजको पुस्ताले झै भोलिको पुस्ताले पनि विदेश ताक्न नपर्ने स्थितिको सिर्जना गर्नु आजको पुस्ताको दायित्व हो । त्यसका लागि संभावनाका क्षेत्रहरू केलाउने समाजलाई सुसूचित गराउने जस्ता कार्यमा विज्ञ, विशेषज्ञहरूको भूमिका महत्वपूर्ण हुन्छ । अपेक्षित त्यो भूमिका निर्बाह हुन सकिरहेको देखिदैन ।

यी त भए आजको नेपाली समाजमा देखिएको विदेश मोह र यसले जन्माएका अनेकन अनुत्तरित प्रश्नमाथि हुन नसकेका बहस र विवेचनाका पाटो । विदेश जानैपर्ने स्थिति आएमा आफु जान लागेको गन्तब्य मुलुकको बारेमा सामान्य भन्दा सामान्य जानकारी नलिईकन उडिहाल्ने कमजोरी नै विदेश पुगेपछि उत्पन्न हुने संभावित समस्याका मुल कारक बन्ने गरेका छन् । अध्ययन, अनुसन्धान, उच्चशिक्षा, रोजगारी वा ब्यवसाय कुन प्रयोजनका लागि आफु जान लागेको हो, आफु जान लागेको मुलुकको दैनिक बोलीचालीका आधारभुत भाषाज्ञान, त्यहाँको रहनसहन, जीवनशैली, हावापानी, कला, सँस्कृति र विकास प्रविधि जस्ता बिषयमा जानकारी हुनु अनिवार्य छ । गन्तब्य मुलुकको मुद्रा, यातायात ब्यवस्था, बैंक, हुलाक, अस्पताल, स्कुल, कलेज, प्रहरी प्रशाशन, स्थानीय सरकार जस्ता बिषयमा घरमै बसीबसी इन्टर्नेटको माध्यमबाट सर्च गरेर जानकारी लिन सकिन्छ । यदि कुनै एजेन्सी मार्फत जान लागेको हो भने उनीहरूसंग आफुले पाउने सेवा, सुविधा, भिसा, नविकरण, आवासको ब्यवस्था, बिरामी वा भैपरी आउँदा सम्पर्क गर्ने सहयोगी वा निकाय बारे बिस्तृतमा जानकारी हासिल गरेर मात्र गन्तब्य मुलुकको यात्रा तय गर्नु बुद्धिमानी हुन्छ । बिदेशमा देखिने र सुनिने समस्याहरू अधिकांश सम्बन्धित ब्यक्तिकै असावधानी र अज्ञानताका कारण हुने गरेको पाईन्छ । आफु सजग र सतर्क हुन सके अरूबाट सशंकित हुन आवश्यक छैन, आधा समस्या स्वत: समाधान हुन जान्छन् । बन्द कोठामा आपसी सहमतिमा गरिने सम्झौता विदेश आईसकेपछि कुनै समस्या उत्पन्न हुनासाथ एक अर्कालाई दोषारोपण गरेर रडाको मच्चाउने नेपाली सँस्कारले विदेशीहरू सामु नेपालीहरूलाई लज्जित बनाएको छ । जापानको कुरो गर्नुपर्दा रोजगारी र विद्यार्थी क्षेत्रमा यो अधिक देखिन्छ । आफ्ना अभिभावक वा नजिकको पढेलेखेको मान्छेको रोहबरमा सबै सहमति र सम्झौता गरी जबाफदेहीताको दायरा स्पष्ट किटान भएपछि मात्र चनाखोपूर्वक बिदेशको यात्रा तय गर्न सके बैदेशिक रोजगार क्षेत्रमा विद्यमान अहिलेको जस्तो गञ्जागोलको स्थितिलाई मुक्त गर्न सकिन्छ ।

गएको ८, १० वर्ष यता नेपालीहरूको संख्या तेब्बर बृद्धि भई झण्डै साढे २ लाख नाघेको छ । सन् २०१० यता भाषा पढ्न आउने विद्यार्थीहरूको संख्या तिब्र बृद्धि भयो । सपरिवार यतै बस्ने, बालबच्चा यतै जन्माउने अब जापानमा सामान्य भईसक्यो, जुन पहिले अचम्म मानिन्थ्यो । दसैतिहार जस्ता पर्वमा आफु नेपाल नगएर बाबुआमा यतै झिकाउने, घुमाउने पठाउने प्रचलन बढेको छ । नेपालीहरूको संख्या बृद्धि भएसंगै अवाञ्छित क्रियाकलापमा संलग्न नेपालीहरूका कारण सर्बसाधारण सबै नेपालीहरूले यसको असर भोग्नुपरेको छ । अर्कोतिर टाउको दुखाईको बिषय बनेको जापान सरकारको शरणार्थी समस्यामा नेपालीहरूको पनि लामबन्दी अग्रपंक्तिमा छ । यसबाट सर्बसाधारण परिश्रम गरेर खाने नेपालीहरूलाई प्रतिकुल असर परिरहेको छ । बैंकको कारोबार, घरभाडामा लिने काम, जापानबाट अन्य राष्ट्रको भिसा लिने काम र प्रतिस्पर्धा गरेर जब हण्टिङ गर्ने कामहरूमा समेत यसको प्रत्यक्ष असर परेको देखिन्छ । उसो त शरणार्थीमा आबेदन दिनेहरूको जतिसुकै लामो सूची भए पनि जापान सरकारले कडाईका साथ छिटो र छरितो ढंगले छानबिन गरी बिश्वास नलागेमा काम गर्नमा प्रतिबन्ध लगाउने र स्वदेश फिर्ता समेत पठाउने कदम चाल्न सुरू गरिसकेको छ । हजारौ संख्याबाट बर्षेनी १५, २० जनालाई मात्र शरणार्थीको मान्यता दिने गरेबाट जापान सरकारले शरणार्थी नीतिमा कडाई गरेको प्रष्ट हुन्छ । नेपालमा न त अहिले गृहयुद्ध नै छ न कुनै विद्रोहको स्थिति छ, जसले गर्दा देशका नागरिक बिदेशमा शरणार्थी बन्नुपर्ने बाध्यता होस् । राष्ट्रियता बन्धकी राखेर अर्काको देशमा दोस्रो दर्जाको नागरिक हुनुभन्दा आफ्नै माटो खोस्रेर स्वभिमानका साथ स्वदेशमै बाँच्ने हिम्मत गर्ने पौरखी हातहरू महान हुन्छन् । यस बिषयमा ब्यापक जनचेतनाको अभाव देखिन्छ ।

यसका अलावा जापानमा नेपालीहरूले गरेका उन्नती प्रगति पनि लोभलाग्दा छन् । कामदारबाट स्तरोन्नती भई ब्यवसायी नेपालीहरूको संख्या बढ्दो छ । स्वरोजगारिताको अवधारणामा बिकास भएको छ । कहलिएका विश्वविद्यालयमा प्राध्यापन गर्ने नेपालीहरूको संख्या पनि बढ्दो क्रममा छ । नाम चलेका अस्पतालहरूमा पनि नेपाली डाक्टर छन् । सयौं रेष्टुरेन्टका मालिक बनेर हजारौंलाई रोजगार दिन सक्ने सक्षम नेपाली पनि छन् । हरेकजसो जमघटमा नेपालकै मात्र चिन्ता गर्ने देशको बिकास र समृद्धिमा कसरी साझेदारी बन्न सकिन्छ भनेर बहस र छलफल गर्ने बौद्धिक जमात पनि छन् । विदेश पलायनका कारण नयाँ पुस्तामा नेपाली भाषा, सँस्कृति लोप भएर नजाओस् भन्ने उद्देश्यले नेपालीहरूकै सामुहिक लगानीमा अन्तर्राष्ट्रिय स्तरको पठनपाठन हुने नेपाली स्कुलहरू पनि सञ्चालनमा छन् । नेपालीहरूका लगानीमा जापानका हरेक स्टेशनमा नेपाली रेष्टुरेन्ट जापानी ग्राहकको पर्खाईमा छन् । जापानभरि करिव ६ हजार भन्दा बढि यस्ता रेष्टुरेन्टहरूले स्वरोजगारिताका साथै ठूलो संख्याका नेपालीहरूलाई रोजगारी दिईरहेका छन् भने उनीहरूमा आश्रित परिवारले जापानमा रोजगारी गर्न पाएका छन् । नेपालीहरूकै लगानीमा दर्जनौ संख्याका रेमिट्यान्स कम्पनीहरू सेवारत छन् ।

(पाठकहरूको अनुरोधमा पुनः प्रकाशित)

# जापानमा सत्तारूढ गठबन्धनलाई ठूलो झड्का



❑ नेस संवाददाता

टोकियो – जापानको माथिल्लो सदनको चुनावमा नराम्रोसंग व्यहोरेको पराजय पछि प्रधानमन्त्री शिगेरू इशिबाले पद नछोड्ने घोषणा गरेका छन् । सत्तारूढ गठबन्धनले सदनमा बहुमत गुमाएपछि विपक्षी दलले अविश्वासको प्रस्ताव ल्याउने तयारी गरिरहँदा प्रधानमन्त्रीले पद नछोड्ने घोषणा गरेका हुन् । यद्यपि इशिबाको आफ्नै लिबरल डेमोक्रेटिक पार्टी (एलडीपी) भित्रबाट पनि राजीनामाको दबाब बढेको छ । सोमबार एक पत्रकार सम्मेलनमा बोल्दै प्रधानमन्त्री इशिबाले अमेरिकासँगको भन्सार वार्ता र बढ्दो महंगी जस्ता महत्वपूर्ण विषयहरू टुंगोमा पुऱ्याउन आफू पदमै रहने दृढता व्यक्त गरे । तर, विश्लेषकहरूले गत वर्ष तल्लो सदनमा बहुमत गुमाइसकेका र अहिले माथिल्लो सदनमा पनि धक्का व्यहोरेका इशिबाको प्रधानमन्त्रीत्व अब धेरै दिन नरहने अनुमान गरेका छन् ।

आइतबार सम्पन्न चुनावमा २ सय ४८ सिटको माथिल्लो सदनका आधा सदस्यका लागि मतदान भएको थियो । प्रधानमन्त्री इशिबाको एलडीपी र उसको गठबन्धन साझेदार कोमेइतोले जम्मा ४७ सिट मात्र जित्न सक्यो, जुन सदनमा साधारण बहुमत कायम राख्न आवश्यक ५० सिटभन्दा कम हो । चुनावअघि गठबन्धनसँग रहेको १ सय ४१ सिटको तुलनामा यो ठूलो गिरावट हो ।

स्मरणरहोस यो पराजयले तत्काल सरकार परिवर्तन नगर्ने भए पनि यसले इशिबाको भविष्य र जापानको राजनीतिक स्थिरतामाथि गम्भीर प्रश्न उठाएको छ । प्रमुख विपक्षी दल 'कन्स्टिच्युशनल डेमोक्रेटिक पार्टी' (सीडीपीजे) ले २२ सिट जित्दै दोस्रो स्थान हासिल गरेपछि उसका नेता योशिहिको नोदाले इशिबा प्रशासनविरूद्ध अविश्वासको प्रस्ताव ल्याउने संकेत दिएका छन् ।

# अमेरिकी-जापान व्यापार नयाँ चरणमा

❑ नेस संवाददाता

टोकियो – अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले आफ्नो व्यापारिक दबाबको नीति सफल भएको संकेत गर्दै जापानसँग एक 'बृहत्' व्यापार सम्झौतामा हस्ताक्षर भएको घोषणा गरेका छन् । यो सम्झौताले अमेरिकी उत्पादनका लागि जापानी बजार खोल्ने र अर्बौं डलरको लगानी भित्र्याउने दाबी गरिएको छ, जसले महिनौंदेखिको व्यापारिक तनावलाई तत्कालका लागि अन्त्य गरेको छ ।

यो सम्झौता यस्तो समयमा भएको हो, जब ट्रम्पले अगस्ट १ सम्म सम्झौता नभए जापानी कार तथा अन्य सामग्रीमा २५ प्रतिशतसम्म कर लगाउने चेतावनी दिएका थिए । मंगलबार साँझ ह्वाइट हाउसमा आयोजित एक कार्यक्रममा राष्ट्रपति ट्रम्पले भने, 'मैले भर्खरै इतिहासकै सबैभन्दा ठूलो व्यापार सम्झौतामा हस्ताक्षर गरेको छु । हामीले यसबारे लामो र कठिन काम गऱ्यौं । यो सम्झौता सबैका लागि ठूलो कुरा हो ।'

ट्रम्पका अनुसार, सम्झौता अन्तर्गत जापानले अमेरिकी कृषि उत्पादन, कार र ट्रकका लागि आफ्नो बजार थप खुला गर्नेछ । साथै, जापानले अमेरिकामा ५ सय ५० अर्ब अमेरिकी डलर बराबरको लगानी गर्ने योजना बनाएको छ । सबैभन्दा महत्वपूर्ण कुरा, जापानी कार निर्माताहरूले अब अमेरिकामा निर्यात गर्दा २५ प्रतिशतको सट्टा १५ प्रतिशत मात्र भन्सार शुल्क (ट्यारिफ) तिर्नुपर्ने छ, जसले जापानी अटोमोबाइल उद्योगलाई ठूलो राहत दिएको छ ।

यद्यपि, जापानका प्रधानमन्त्री शिगेरू इशिबाले सम्झौताको स्वागत गरे पनि यसका विस्तृत विवरणहरूको सावधानीपूर्वक अध्ययन गर्न बाँकी रहेको भन्दै सतर्क प्रतिक्रिया दिएका छन् । 'सम्झौताको विस्तृत विवरण जाँच नगरेसम्म म यस विषयमा थप टिप्पणी गर्न सक्दिनँ,' उनले बुधबार पत्रकारहरूलाई भने ।

तर, जापानका मुख्य व्यापार वार्ताकार रायोसी आकाजावाले भने सामाजिक सञ्जालमा 'मिसन पूरा भयो' ह्यासट्यागसहित खुसी व्यक्त गरेका छन् ।

# माथिल्लो सदनमा महिलाको कीर्तिमानी जित

❑ नेस संवाददाता

टोकियो – जापानको माथिल्लो सदन, हाउस अफ काउन्सिलर्सका लागि आइतबार सम्पन्न निर्वाचनमा कीर्तिमानी ४२ जना महिला उम्मेदवारले जित हासिल गरेका छन् । यो संख्या सन् २०२२ को निर्वाचनमा बनेको ३५ सिटको अघिल्लो रेकर्डभन्दा बढी हो ।

यस पटक चुनाव भएका कुल १ सय २५ सिटमध्ये महिलाले ३३ दशमलव ६ प्रतिशत सिट जितेका छन्, जसले जापानको पुरूष-प्रधान राजनीतिमा महिलाको उपस्थिति बढाउने प्रयासमा एक महत्वपूर्ण प्रगतिलाई दर्शाउँछ । जित हासिल गर्ने प्रमुख महिला व्यक्तित्वहरूमा सत्तारूढ लिबरल डेमोक्रेटिक पार्टी (एलडीपी) की सेइको हासिमोतो र प्रमुख विपक्षी दल कन्स्टिच्युशनल डेमोक्रेटिक पार्टी अफ जापान (सीडीपीजे) की रेन्हो जस्ता चर्चित सांसदहरू पनि सामेल छन् ।

यस पटकको चुनावमा कूल १ सय ५२ जना महिला उम्मेदवार चुनावी मैदानमा थिए, जसमध्ये १०२ जनाले चुनावी जिल्लाबाट र ५० जनाले समानुपातिक प्रतिनिधित्व प्रणालीमार्फत उम्मेदवारी दिएका थिए । यो संख्या सन् २०२२ को १ सय ८१ जना महिला उम्मेदवारको तुलनामा कम हो । कूल उम्मेदवारमध्ये २९ दशमलव १ प्रतिशत महिला थिए, जुन सरकारले सन् २०२५ सम्ममा ३५ प्रतिशत महिला उम्मेदवार पुऱ्याउने लक्ष्यभन्दा कम हो । राजनीतिमा महिलाको प्रतिनिधित्वमा यो ऐतिहासिक सफलताका बाबजुद जापान लैंगिक समानताको विश्वव्यापी सूचकाङ्कमा अझै पछाडि छ । विश्व आर्थिक मञ्चको सन् २०२५ को लैंगिक अन्तर प्रतिवेदनअनुसार जापान १ सय ४८ देशहरूमध्ये १ सय १८ औं स्थानमा छ, जुन राजनीतिक सशक्तीकरणको क्षेत्रमा कमजोर प्रदर्शनको संकेत हो ।

# ओसाकाा एक्स्पोमा गुञ्जिँदैं नेपाल

❑ नेस संवाददाता

टोकियो – जापानको ओसाकामा जारी विश्व एक्स्पो २०२५ मा विभिन्न कठिनाइ र ढिलाइलाई पन्छाउँदै अन्ततः 'नेपाल दिवस' भव्यताका साथ मनाइने भएको छ । टोकियोस्थित नेपाली राजदूतावासले एक विशेष सूचना जारी गर्दै आगामी २८ जुलाई २०२५ (वि.सं. २०८२ श्रावण १२ गते) सोमबारका दिन नेपाल दिवस मनाउने जनाएको छ ।

यसअघि निर्माण प्रक्रियामा आएको समस्याका कारण पटक-पटक अनिश्चित बनेको नेपाल प्याभिलियन पूर्ण रूपमा सञ्चालनमा आएसँगै दूतावासले नेपाल दिवसको नयाँ मिति तय गरेको हो । यो समारोहले विश्व मञ्चमा नेपालको उपस्थिति र स्वाभिमानलाई थप उचाइमा पुऱ्याउने अपेक्षा गरिएको छ ।

दूतावासद्वारा जारी सूचना अनुसार, कार्यक्रम दुई चरणमा सञ्चालन हुनेछ । पहिलो चरणमा सहभागीहरूलाई अपरान्ह ३:०० बजे नेपाल प्याभिलियनमा भेला हुन अनुरोध गरिएको छ । त्यहाँबाट नेपाल तथा जापानका प्याभिलियनहरूको भ्रमण गरिनेछ । त्यसपश्चात्, अपरान्ह ४:३० बजे एक्स्पो परिसरभित्र रहेको 'नेशनल डे हल' मा नेपाल दिवसको मूल तथा औपचारिक समारोह सुरू हुनेछ । स्मरणरहोस्, नेपालले एक्स्पोमा आफ्नै मौलिक डिजाइन र लगानीमा 'टाइप ए' श्रेणीको प्याभिलियन निर्माण गर्ने योजना बनाएको थियो ।



तर, परियोजना व्यवस्थापनको जिम्मा लिएको नेपाली कम्पनीले आर्थिक संकटका कारण जापानी निर्माण कम्पनीलाई समयमै भुक्तानी गर्न नसक्दा निर्माण कार्य लामो समयसम्म रोकिएको थियो । यसै कारणले गत मे ३१ मा मनाउने तय भएको नेपाल दिवस पनि स्थगित गर्नुपरेको थियो ।

जापानका लागि नेपाली राजदूत डा. दुर्गाबहादुर सुवेदीको विशेष कूटनीतिक पहल र निरन्तरको प्रयासपछि भुक्तानी विवाद सुल्झिएको थियो । गत जुन महिनादेखि पुनः सुरू भएको निर्माण कार्य सम्पन्न भई हाल नेपाल प्याभिलियनले विश्वभरका आगन्तुकलाई स्वागत गरिरहेको छ । लामो समयको अनिश्चिततापछि प्याभिलियन सञ्चालनमा आउनु र अब नेपाल दिवस नै मनाइनुले जापानवासी नेपाली समुदायमा खुसी र उत्साह छाएको छ ।













# शैक्षिक पलायनको कहालीलाग्दो अवस्था दशकमा ७ लाख विद्यार्थीसँगै ६ खर्ब बाहिरियो




❑ नेस संवाददाता

काठमाडौं – गुणस्तरीय शिक्षा र उज्ज्वल भविष्यको खोजीमा विदेश पलायन हुने नेपाली विद्यार्थीहरूको संख्याले अवस्था कहालीलाग्दो बन्न थालेको छ । नेपालमा सम्भावना नदेखेर देशका भविष्य मानिने विद्यार्थीहरू विदेसिने क्रम बढ्न थालेको हो ।

विगत एक दशकमा मात्रै करिब ७ लाख विद्यार्थी उच्च शिक्षाका लागि विदेशिएका छन् भने उनीहरूसँगै मुलुकको ६ खर्ब २५ अर्ब रूपैयाँभन्दा बढी रकम पनि बाहिरिएको छ । कुनै बेला वार्षिक अर्बमा सीमित यो खर्च, हाल आएर वार्षिक खर्ब नाघ्दै देशबाट युवा र पूँजी दुवै रित्याउने भयावह अवस्थामा पुगेको छ ।

नेपाल राष्ट्र बैंकको तथ्याङ्कअनुसार, चालु आर्थिक वर्षको ११ महिनामा मात्रै शैक्षिक प्रयोजनका लागि १ खर्ब २४ अर्ब रूपैयाँ बाहिरिएको छ । यो गति नरोकिए वैदेशिक अध्ययनका नाममा देशको सम्पत्ति बाहिरिने क्रम अझै बढ्ने निश्चित छ । शिक्षा मन्त्रालयका अनुसार, वैदेशिक अध्ययन अनुमति पत्र (एनओसी) लिने विद्यार्थीको संख्या वार्षिक एक लाख नाघ्न थालेको छ, जसमा अस्ट्रेलिया, जापान र बेलायत प्रमुख गन्तव्य बनेका छन् ।

विद्यार्थी पलायनको मुख्य कारण स्वदेशमा गुणस्तरीय शिक्षाको अभाव र अध्ययनपछि रोजगारीको अनिश्चितता हो । शिक्षाविद् प्रा. डा. विनय कुसियत भन्छन्, 'पढाइसँगै जागिरको सुनिश्चितता नभएसम्म युवालाई स्वदेशमा टिकाउन सकिँदैन । सरकारले विश्वविद्यालय सुधार र रोजगारीको अवसर सिर्जना गर्न नसक्दा विद्यार्थी र अभिभावक दुवै विदेशमा भविष्य सुरक्षित देखिरहेका छन् ।'

# राजीनामाले उम्किरहेका आरोपित पदाधिकारी

❑ नेस संवाददाता

काठमाडौं – संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले ७८ लाख घुस मागेको आरोप लागेपछि पदबाट राजीनामा दिए । कास्की जिल्लाको भूमि आयोगमा नियुक्ति दिलाउने प्रलोभनमा घुस लेनदेनको संवाद भएको अडियो सार्वजनिक भएपछि चर्किएको आलोचना र दबाबका बीच उनले राजीनामा दिएका हुन् ।

यो घटनाले नेपालको राजनीतिमा बारम्बार देखिने एक प्रवृत्तिलाई पुनः सतहमा ल्याएको छ । के आरोपित पदाधिकारीको राजीनामा वा बर्खास्ती नै उनीहरूको उन्मुक्तिको माध्यम बन्ने हो ? वा यो अपराध अनुसन्धानको एक प्रारम्भिक चरण मात्र हो ? भ्रष्टाचार जस्तो गम्भीर फौजदारी अपराधमा मुछिएपछि दिइने राजीनामालाई नैतिकताको जलप लगाएर उन्मुक्ति दिने हतियारका रूपमा प्रयोग गरिएका विगतका अनेकौं उदाहरण छन् ।

२०७६ सालमा सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदमा ७० करोड रूपैयाँ मोलमोलाईको अडियो सार्वजनिक पछि तत्कालीन सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बास्कोटाको राजीनामा, दुई वर्ष अगाडि बालकुमारीमा भएको प्रदर्शनमा दुई युवाको मृत्यु प्रकरणमा तत्कालीन भौतिक तथा पूर्वाधान तथा यातायातमन्त्री प्रकाश ज्वाला पदमुक्त हुनु र २०६८ सालमा भ्रष्टाचारको आरोप लागेपछि तत्कालीन श्रम तथा यातायात मन्त्री सरिता गिरीको बर्खास्ती यी प्रतिनिधि घटनाले के देखाउँछ भने नेपालमा उच्च पदस्थ राजनीतिकर्मीमाथि भ्रष्टाचारको आरोप लाग्दा राजीनामा वा बर्खास्तीलाई नै अन्तिम कारबाहीका रूपमा व्याख्या गर्ने र त्यसपछिको कानूनी प्रक्रियालाई निस्तेज पार्ने प्रवृत्ति हाबी छ । सार्वजनिक पद धारण गरेका व्यक्तिले अधिकारको दुरूपयोग गर्दा अनुसन्धान गर्ने संवैधानिक जिम्मेवारी पाएको अख्तियार दुरूपयोग अनुसन्धान आयोग यस्ता प्रकरणमा प्रायः मौन वा निष्क्रिय देखिने गरेको आरोप लाग्ने गरेको छ ।

# अविवाहित नेपालीको संख्या ह्वात्तै बढ्यो

❑ नेस संवाददाता

काठमाडौं – नेपाली समाजमा विवाहप्रतिको आकर्षण र परम्परागत ढाँचामा ठूलो परिवर्तन आएको छ । हालै सार्वजनिक भएको राष्ट्रिय जनगणना २०७८ का अनुसार विगत छ दशकमा अविवाहित बस्ने नेपालीको संख्या उल्लेख्य रूपमा बढेको देखाएको छ ।

सन् १९६१ (२०१८ साल) मा २८ प्रतिशत पुरूष अविवाहित रहेकोमा २०२२ (२०७८ साल) मा यो संख्या बढेर ३८ प्रतिशत पुगेको छ । महिलातर्फको यो आँकडा अझ नाटकीय छ । ६ दशकअघि १५ प्रतिशत महिला मात्र अविवाहित रहेकोमा हाल यो संख्या २८ प्रतिशत पुगेको छ ।

यो सामाजिक परिवर्तनको पछाडि महिलाको शैक्षिक स्तरमा वृद्धि, आर्थिक आत्मनिर्भरता र चेतनाको विकास प्रमुख कारणका रूपमा देखिएका छन् । विशेष गरी सहरी क्षेत्रमा, उच्च शिक्षित र रोजगारीमा संलग्न महिलाहरूले विवाहलाई प्राथमिकतामा नराख्नु प्रवृत्ति बढ्दै गएको छ ।

अविवाहितको संख्या मात्र होइन, विवाह गर्ने उमेर पनि निरन्तर बढिरहेको छ । ६० वर्षअघि पुरूषको औसत विवाह उमेर १९ दशमलव ५ र महिलाको १५ दशमलव ४ वर्ष थियो भने हाल क्रमशः २५ दशमलव ५ र २१ दशमलव ८ वर्ष पुगेको छ । ढिलो विवाह गर्ने प्रवृत्तिसँगै सम्बन्धविच्छेदको दर पनि, विशेषगरी महिलाहरूमा, दोब्बरले बढेको देखिन्छ ।

विवाहको उमेर पछि सर्दै गए पनि बालविवाहको समस्या भने पूर्ण रूपमा अन्त्य भइसकेको छैन । जनगणना अनुसार, २० देखि २४ वर्ष उमेर समूहका २२ प्रतिशत महिला र ५ प्रतिशत पुरूषको विवाह १८ वर्ष नपुग्दै भएको देखिन्छ । यो कुप्रथा विशेषगरी कर्णाली र मधेस प्रदेशका साथै ग्रामीण क्षेत्रमा अझै विद्यमान छ ।

# विमानस्थलको छवि सुधार्न अध्यागमनको कसरत

❑ नेस संवाददाता

काठमाडौं – भिजिट भिसाको आवरणमा मौलाएको मानव तस्करी र आर्थिक चलखेलको जालो तोड्न सरकारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन कार्यालयमा कडा सुधारका कार्यक्रमहरू अघि बढाएको छ । लामो समयदेखि 'सेटिङ' को केन्द्र बनेको आरोप खेपिरहेको विमानस्थल अध्यागमनमा अब एक पटक खटिएका कर्मचारी पुनः सोही कार्यालयमा फर्कन नपाउनेदेखि बिदाइमा प्रयोग हुने खादा र मालामा समेत प्रतिबन्ध लगाइएको हो ।

भिजिट भिसामा विदेश पठाउने नाममा नेपाली नागरिकसँग मोटो रकम असुल्ने गिरोहमा अध्यागमनका कर्मचारीको समेत संलग्नता रहेको आशंकामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानबिन गरिरहेको छ । चौतर्फी दबाब र जनगुनासोपछि गृह मन्त्रालय मातहतको अध्यागमन विभागले नीतिगतभन्दा पनि व्यवस्थापकीय सुधारमार्फत विकृति रोक्ने पहल थालेको हो ।

यसका लागि विभागले ४५ जना नयाँ कर्मचारीलाई अध्यागमनसम्बन्धी विशेष तालिम दिन सुरू गरिसकेको छ, ताकि विमानस्थलमा खटाउनका लागि पर्याप्त जनशक्ति तयार होस् । यसका साथै, कामबारे गुनासो आएका कर्मचारीलाई तत्काल फिर्ता बोलाउने र दरबन्दीभन्दा बढी कर्मचारी नराख्ने नीति पनि कार्यान्वयनमा ल्याइएको छ ।

विमानस्थल अध्यागमन कार्यालयले अध्यागमन क्षेत्रमा प्रतीकात्मक र सांकेतिक वस्तुको प्रयोगमा पूर्ण रोक लगाएको छ । कार्यालयका प्रमुख विष्णु कोइरालाका अनुसार अबदेखि यात्रु वा उनीहरूका आफन्तले बिदाइका क्रममा खादा, माला र टीका लगाउन पाउने छैनन् जसले यस्ता वस्तुको प्रयोगमार्फत 'सेटिङ' का लागि संकेत दिन सक्ने जोखिम काम गर्नेछ ।

भिजिट भिसामा
जापानबाट अमेरिका
AFFORDABLE AND EASY DOCUMENTATION SERVICE
(साथै क्यानडा, अस्ट्रेलिया, युके लगायतका अन्य देशहरुमा
भिजिट भिसामा जानुपरेमा आवश्यक डकुमेन्टेसनका लागि सम्पर्क गर्नुहोला )
CALL NOW !
080-4150-5314
OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314
GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314

तपाईहरूकै प्रतिक्षामा भेटघाट
तपाईहरुकै रोजाई अनुसार स्वादिष्ट परिकारका साथमा सबैखाले भेटघाट, बैठक, रमाईलो रमझम सहित बर्थ डे लगायतका विभिन्न पार्टीहरु गर्नुपरेमा वा आफ्ना चेलीबेटी तथा पाहुना खुवाउनुपरेमा सँधै हामीलाई सम्झनुहोला । यहाँहरुको सन्तुष्टि नै हाम्रो सफलता हो ।

Contact Number : 03-5338-4066 | 03-5338-4067
भेटघाट नेपाली रेष्टुरेन्ट BHETGHAT NEPALI RESTAURANT
JR Yamanote Line, Shin-Okubo Station (Only 2 minute walk)
1-11-31 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hour: Daily 10:00 - 24:00

कुनै पनि भिसा र इमिग्रेशन सम्बन्धि कामको लागि हामीलाई सम्झनुहोला
१) बिजनेश भिसा बनाउनुपरेमा
२) कम्पनी खोल्नुपरेमा
३) अन्तर्देशिय विवाह तथा डिभोर्स गर्नुपरेमा
४) एइज्युकेन एप्लाई गर्नुपरेमा
५) वर्किङ भिसामा नेपालबाट कोही बोलाउनुपरेमा
६) भिसा नविकरण गर्नुपरेमा
७) जापानी पासपोर्ट एप्लाई गर्नुपरेमा
८) भिसा परिर्वतन गर्नुपरेमा
Visa Service Gyoseishoshi
行政書士 古市 展宏
日行連登録 第 19081782 号
〒158-0087 東京都世田谷区玉堤 1-13-32-10
03-6670-5305
090-2334-4601 (Viber OK)

जापानको लाइसेन्स सेन्टरमा दर्ता भएको पहिलो र एकमात्र नेपाली ड्राइभिङ्ग स्कुल
届出自動車教習所
PRABHU DRIVING School Japan
Since 2017

जेरोबाट ड्राइभिङ्ग सिकेर लाइसेन्स निकाल्न तथा नेपाली ड्राइभिङ्ग लाइसेन्सलाई जापानीमा परिवर्तन गर्न हामीलाई सम्झनुहोस् ।
DISCOUNT 10% ON DRIVING FEE
MORE INFO. 03-5937-4250
(Viber, WhatsApp OK)
080-9027-6114
080-3352-8032
090-9630-7381
TRAINING SPOT
SASHIOGI STATION, SAITAMA
埼玉県さいたま市西区宝来 84
HEAD OFFICE
SHIN OKUBO STATION, TOKYO
169-0077 東京都新宿区百人町1-11-31
新大久保ビルディング1,401
STATION: JR LINES: OKUBO/SHINOKUBO

# सर्वोच्चको आदेश ७ वर्षदेखि अलपत्र
## लाखौं नागरिकको मताधिकारमाथि बेवास्ता




❑ नेस संवाददाता

काठमाडौं – सरकारले विदेशमा रहेका लाखौं नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्ने सर्वोच्चको फैसलालाई बेवास्ता गरेको छ । निर्वाचन आयोगले विदेशमा रहेका नेपालीलाई मतदानको अधिकारलाई सुनिश्चित गर्न सर्वोच्चले आदेश गर्दासमेत बेवास्ता गरेको हो ।

नागरिकको सार्वभौम मताधिकार सुनिश्चित गर्न दिइएको आदेश कार्यान्वयनमा देखिएको चरम उदासीनता र ढिलासुस्तीले विधिको शासनमाथि नै गम्भीर प्रश्न खडा गरेको छ । यो लामो मौनतालाई तोड्दै हालै सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयले निर्वाचन आयोगलाई कडा ताकेता गरेपछि यो मुद्दा फेरि एकपटक राष्ट्रिय बहसमा आएको छ । निर्देशनालयले २०७४ चैत ७ गतेको आदेशको कार्यान्वयन अवस्थाबारे स्पष्ट विवरण मागेपछि आयोग र सरकारको गैरजिम्मेवारीपन उदाङ्गो भएको हो ।

अधिवक्ता यज्ञमणि न्यौपानेको निरन्तरको कानूनी लडाइँपछि निर्देशनालयले आयोगलाई पत्र लेख्दै विदेशमा रहेका नेपालीको मताधिकार सुनिश्चित गर्ने विषयमा भएको प्रगतिबारे जवाफ मागेको हो । सात वर्षअघिको आदेश अलपत्र पर्नुको कारण खोज्दै निर्देशनालयले आयोगद्वारा गृह मन्त्रालयमा पेस गरेको भनिएको 'निर्वाचन व्यवस्थापन विधेयक, २०८०' को हालको स्थितिबारे जानकारी माग गरेको छ । पत्रमा भनेको छ, 'उक्त विधेयक हाल के कुन अवस्थामा छ ? त्यसको प्रगति विवरणसहितको जानकारी यथाशीघ्र यस निर्देशनालयमा पठाउनुहुन ।' आयोगले विधेयक मन्त्रालयमा पठाएर आफ्नो जिम्मेवारी पूरा भएको ठानेको छ, तर त्यो विधेयक कहाँ र कुन अवस्थामा छ भन्नेबारे न सरकार गम्भीर छ, न त आयोगलाई नै कुनै ठोस जानकारी छ ।

# बसाइँसँगै सऱ्यो छाउपडीको कहर

❑ नेस संवाददाता

काठमाडौं – अछामबाट सहज जीवनको सपना बोकेर कञ्चनपुर झरेकी ३० वर्षीया कमला आउजीले श्रीमानसँगै भारतमा कमाएको पैसाले पक्की घर त बनाइन्, तर घरछेउको छाउगोठ भत्काउन सकिनन् । त्यही छाउगोठसँगै सरेको अन्धविश्वासले अन्ततः उनको ज्यान लियो ।

गत असार २९ गते, आफन्तको छाउगोठमा सुतिरहेको बेला सर्पले डसेर उनको मृत्यु भयो, जसले कुरीति अब कसरी घातक बन्दैछ भन्ने क्रुर यथार्थलाई उजागर गरेको छ । यो घटना नौलो होइन, तर थारू समुदायको बाहुल्यता रहेको र परम्परागत रूपमा छाउपडी नमान्ने कैलाली-कञ्चनपुर जस्ता मैदानी जिल्लामा यो विकृति फैलनु चिन्ताको विषय बनेको छ । पहाडबाट बसाइँसराई संगै संस्कृति र कुप्रथा पनि आउँदा यसले अन्य समुदायलाई गहिरो प्रभाव पार्न थालेको छ । छाउपडी नमान्ने थारू समुदायमा अहिले अरूको सिको गरेर छाउ बार्न शुरू भएपछि थप समस्या बढेको छ ।



विगत पाँच वर्षमा सरकारी र स्थानीय स्तरबाट सुदूरपश्चिममा साढे सात हजारभन्दा बढी छाउगोठ भत्काइएका छन् । मुलुकी अपराध संहिताले छाउपडीमा बस्न बाध्य पार्नेलाई तीन महिना कैद र तीन हजार रूपैयाँ जरिवानाको व्यवस्था गरेको छ । तर, कानून बने पनि उजुरी नआउँदा कार्यान्वयन फितलो छ । यस प्रथाको जडमा 'देउता रिसाउँछन्' भन्ने अन्धविश्वास छ, जसले मानिसलाई भूगोल फेरे पनि आफ्नो सोच फेर्न दिएको छैन । मानव अधिकारकर्मी वेद अवस्थी भन्छिन्, 'देवता सरेर आएको होइन, मान्छेको मानसिकता सरेर आएको हो । हामीले छोराछोरीलाई जे सिकाउँछौं, त्यही सिक्ने हुन् ।'

# जापानमा प्राविधिक कामदार पठाउने
## संस्थाहरूलाई इजाजत नवीकरण गर्न आह्वान

❑ नेस संवाददाता

टोकियो – वैदेशिक रोजगार विभागले जापानमा नेपाली प्राविधिक प्रशिक्षार्थी कामदार पठाउँदै आएका संस्थाहरूलाई आफ्नो इजाजतपत्र नवीकरण गर्न आह्वान गरेको छ । विभागले बिहीबार एक सूचना प्रकाशित गर्दै जापानको अन्तर्राष्ट्रिय तालिम सहयोग संगठन (JITCO) कार्यक्रमअन्तर्गत सूचीकृत संस्थाहरूलाई नवीकरण प्रक्रियामा सामेल हुन सूचित गरेको हो ।

सूचना अनुसार, सम्बन्धित संस्थाहरूले वैदेशिक रोजगार ऐन, २०६४, नियमावली, २०६४ र 'नेपाली प्राविधिक अभ्यासार्थी जापान पठाउने निर्देशिका, २०७३' बमोजिम तोकिएका सम्पूर्ण कागजात तथा नवीकरण दस्तुरसहित निवेदन दिनुपर्नेछ । विभागले सन् २०२५ जुलाई ३१ भित्र निवेदन पेश गरिसक्न समयसीमा तोकेको छ । प्रक्रिया पूरा गरेका संस्थाहरूको इजाजतपत्र सन् २०२६ जुलाई ३१ सम्मका लागि नवीकरण हुने सूचनामा उल्लेख छ । जापानको JITCO कार्यक्रम नेपाली युवाहरूका लागि आकर्षक गन्तव्य मानिन्छ, जसअन्तर्गत उनीहरूले निश्चित अवधिका लागि जापानमा सीपमूलक तालिम र रोजगारीको अवसर प्राप्त गर्छन् ।

# अझै चल्दै छन् अवैध तुइन

❑ नेस संवाददाता

काठमाडौं – एक दशकअघि सुरू भएको जोखिमपूर्ण तुइन विस्थापन अभियानले मूर्तरूप लिँदैछ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७२ सालमा अघि सारेको 'तुइनमुक्त नेपाल' को अठोट पूरा हुने अन्तिम चरणमा पुगेको हो ।

मुलुकभरका १ सय ४६ तुइनमध्ये १ सय ३२ स्थानमा सुरक्षित झोलुङ्गे पुल निर्माण भइसकेका छन् भने अब १४ वटा मात्र विस्थापन गर्न बाँकी छ । यद्यपि, बाँकी रहेका तुइन हटाउने कार्यमा केही प्राविधिक र कूटनीतिक अड्चनहरू देखिएका छन् । स्थानीय पूर्वाधार विकास विभागका अनुसार हाल दार्चुलाको व्यास र लेकम गाउँपालिकास्थित महाकाली नदीमा १२ वटा, बर्दिया राष्ट्रिय निकुञ्जभित्र कर्णाली नदीमा एउटा र पञ्चेश्वर घाटमा एउटा तुइन सञ्चालनमा छन् । सस्पेन्सन ब्रिज डिभिजनका प्रवक्ता प्रेमनारायण बस्यालका अनुसार पञ्चेश्वर घाटको तुइन विस्थापनका लागि नेपाल र भारतबिच कूटनीतिक सहमति जुट्न नसक्दा काम अघि बढ्न सकेको छैन ।

त्यसैगरी, बर्दिया राष्ट्रिय निकुञ्जभित्रको तुइन हटाउन वातावरणीय प्रभाव मूल्याङ्कनमा भएको ढिलाइले बाधा पुऱ्याएको छ । सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा पनि तुइन विस्थापनलाई प्राथमिकतामा राख्दै दुर्गम क्षेत्रमा झोलुंगे पुल निर्माणलाई निरन्तरता दिने घोषणा गरेको छ । यो अभियानले ग्रामीण भेगका लाखौं नागरिकलाई सुरक्षित यात्राको अवसर दिएको छ भने देशभरबाट अझै ५ हजार ५ सयभन्दा बढी झोलुङ्गे पुलको माग आएको विभागले जनाएको छ ।

HAMRO ハムロ・カジャ・ガル KHAJA GHAR
हाम्रो खाजा घर
एउटै छानामुनी,
खाना गाना र बजाना
本格ネパール料理
Authentic Nepali Restaurant
営業時間 11:00 - 22:00 | 20名様までのご予約を承ります! | 03-5937-3913
2-14-4 HYAKUNINCHO, SHINJUKU-KU, TOKYO 169-0073

तोकुतेइ गिनोउ भिसामा
जापानमा रोजगारीको अवसर
जापानको श्रमबजारमा खुलेको नयाँ अवसर तोकुतेइ गिनोउ (विशेष सीपयुक्त कामदार – SSW) भिसामा नि:शुल्क रोजगारीका लागि इच्छुक महानुभावहरूले हामीलाई संपर्क राख्नुहोल । जापानमै रहनुभएका र नेपालबाट आउन चाहने निम्न योग्यता भएकाहरूले आवेदन गर्न सक्नुहुने छ । साथै जापानी भाषा परीक्षा र सीप परीक्षाका लागि पूर्व तयारी कक्षाका साथै आवश्यक सबै सहजीकरणको ब्यवस्था छ ।
आधारभूत जानकारी
- जापानी भाषाको एन-फोर वा सो सरहको तह उत्तीर्ण गरेको
- निर्दिष्ट १४ क्षत्र मध्य कुनै एक क्षेत्रको सीप परीक्षा उत्तीण गरेको
- माथिका दुबै वा कुनै एक परीक्षा दिनका लागि सर्पोटको आवश्यक परेमा
- यसका आधारभूत मापदण्ड र प्रक्रिया बारे बिस्तृत जानकारी चहिएमा
- नेपालमै हुनेहरूले पनि भिजिटमा जापान आएर परीक्षा दिन चाहेमा
- एन-फोर र सीप परीक्षाका लागि तयारी कक्षा धमाधम सञ्चालन भईरहेको छ
GMT INTERNATIONAL CO., LTD.
Tel/Fax : 03-5937-5314
080-4150-5314, 090-6095-5712
(License No: 19-001335)
Email: info@gmt-intl.com, Web: www.gmt-intl.com
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073

BIPASNA NEPALI PASAL
Wholesale and Retail Fancy Shop
विवाह, ब्रतबन्ध जस्ता पार्टीहरूका लागि आवश्यक पर्ने साडी, कुर्ता तथा गरगहना लगायतका नेपाली-इण्डियन सामान एकैठाउँमा उपलब्ध छ । तपाईको अर्डर अनुसार डिजाइनमा कपडा तयार गरिनुका साथै हामीकहाँ कस्मेटिक तथा पूजाका सामग्री पनि उपलब्ध छ । बिपस्ना नेपाली पसललाई अवश्य सम्झनुहोला ।
Scan for location
070-3614-3359
03-5937-4484 | 070-8362-8092
〒169-0073 Tokyo, Shinjuku, Hyakunincho, 2-13-17 フラット・アイ103
FOLLOW US!

'सुपथ मूल्यमा भरपर्दो र छिटो सेवा'
जापानमा भिसा सम्बन्धि सम्पूर्ण कामका लागि सँधै हामीलाई सम्झनुहोला । साथै कम्पनी स्थापना गर्ने, कम्पनीमा कार्यरत स्टाफहरुको तलवी हिसाब गरिदिने, कम्पनीको ठेगाना तथा उद्देश्य परिवर्तन गर्ने, नामसारी गर्ने लगायतका कामहरु पनि गरिन्छ ।
सम्पर्क
おがわ事務所
(2 Min. Walk From JR Okubo Station North Exit)
Tel: 03-3368-6647 Fax: 03-3368-9966
Mobile: 090-2933-9001
1-18-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
軽減税率制度 (Reduced Tax Rate System) सुविधा उपलब्ध छ ।
We Accept Payment Through
भिसा सम्बन्धि सम्पूर्ण कामका लागि
OGAWA JIMUSYO
Visit Our Website

# वेम्बलीमा १२ वर्षपछि इतिहास दोहोऱ्याउँदै नेपथ्य



❑ नेस संवाददाता

काठमाडौं – नेपथ्य ब्यान्डले १२ वर्षपछि पुनः वेम्बलीमा सांगीतिक प्रस्तुति दिने भएको छ । आगामी अगस्ट ९ को बेलुकी बेलायतको सुप्रसिद्ध वेम्बली एरिनामा प्रस्तुत हुँदै छ नेपथ्य । यो त्यही मञ्च हो, जहाँ सन् २०१३ अगस्टकै ३ तारिखमा ब्यान्डले ऐतिहासिक प्रस्तुति दिएको थियो ।

त्यो एउटा ब्यान्डको कन्सर्टमा मात्र सीमित नरही नेपाली गीत-संगीतलाई पहिलोपटक अन्तर्राष्ट्रिय स्तरको सम्मानित मञ्चमा उत्तिकै भव्यताका साथ उपस्थित गराइएको क्षण पनि बन्न पुगेको थियो । त्यति बेला सात हजारभन्दा बढी दर्शक उपस्थित थिए । नेपथ्यले आजसम्मै बन्द सभागृहभित्र पाएको त्यो सबैभन्दा भव्य दर्शक उपस्थिति हो ।

'वेम्बलीको प्रभाव यसरी विस्तार भइदियो कि त्यसपछि हामीलाई विश्वका प्रमुख सहरहरूमा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त ब्यान्ड उभिएका मञ्चहरू पाउन थप सहज हुन थाल्यो,' ब्यान्डलाई व्यवस्थापन गर्दै आएका नेपालयका किरणकृष्ण श्रेष्ठ भन्छन् । १२ वर्षअघि वेम्बलीको अनुभव सम्झँदा ब्यान्डका मुख्य गायक अमृत गुरुङ अहिले पनि भावुक हुन्छन् । 'हामीलाई पहिले पनि श्रोता-दर्शकले उत्तिकै माया गर्दै आउनुभएको हो,' उनी भन्छन्, 'तर वेम्बलीको प्रस्तुतिपछि हामीले अर्कै उचाइ महसुस गर्दै आएका छौं ।' बेलायतको यात्रामा नेपालबाट ब्यान्डका छ सदस्य र आठ प्राविधिक एवं व्यवस्थापक गरेर १४ सदस्यीय समूह हुनेछ ।

# नेपाल उपविजेतामै सीमित

❑ नेस संवाददाता

काठमाडौं – नेपाल सोमबार बंगलादेशको टिमबाट ४-० ले पराजित भएसँगै यू-२० साफ वुमेन्स च्याम्पियनसिप २०२५ को उपविजेतामै सीमित भएको छ । उपाधि जित्नका लागि नेपाललाई प्रतियोगिताको अन्तिम तथा अघोषित फाइनल खेलमा बंगलादेशमाथि निश्चित जित आवश्यक थियो ।

तर बंगलादेशको ढाकास्थित बसुन्धरा किङ्स एरेनामा भएको खेलमा घरेलु टिम बलियो साबित भयो । उसको प्रभावशाली जितमा सागोरिका नायिक रहिन् र उनले ह्याट्रिक सहित चार गोल गरिन् । बंगलादेशी राष्ट्रिय टिमकी सदस्य समेत रहेकी उनले खेलको ८, ५१, ५८ र ७७ औं मिनेटमा गोल गरिन् ।

डबल राउन्ड रोबिनको आधारमा सञ्चालन भएको प्रतियोगिताका यो नतिजापछि बंगलादेश सबै छ खेलमा विजयी रह्यो र १८ अंक बटुलेर शीर्ष स्थानमा रह्यो । नेपाल भने १२ अंकमा सीमित रहेर दोस्रो स्थानमा रह्यो । नेपाल पराजित दुवै खेल बंगलादेशविरुद्ध नै रह्यो ।

भुटान र श्रीलंकामाथि भने नेपाल सजिलै विजयी रहेको थियो । कुल चार टिमको सहभागिता रहेको प्रतियोगितामा भुटान छ र श्रीलंका शून्य अंकमा रह्यो । भुटानले दिनको पहिलो खेलमा श्रीलंकालाई ५-० ले हराएको थियो ।

# पुनको आत्मकथा बिक्रीबाट १२ करोड

❑ नेस संवाददाता

काठमाडौं – राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष डा. महावीर पुनको आत्मकथा 'महावीर पुनः सम्झना, सपना र अविरल यात्रा' पुस्तक दुई लाख १८ हजारप्रति बिक्री भएको छ । केन्द्रको सहयोगार्थ पुस्तक बिक्रीका लागि झापाको विर्तामोड पुगेका डा. पुनले उक्त जानकारी दिएका हुन् ।

पुस्तक बिक्रीबाट १२ करोड राष्ट्रिय आविष्कार केन्द्रको खातामा जम्मा भइसकेको छ । उनको पुस्तकको मूल्य सात सय ५० छ । उक्त रकमलाई उनले केन्द्रले सञ्चालन गर्दै आएको वीरगञ्ज औजार कारखाना र आविष्कार गतिविधिमा खर्च गरिने जानकारी दिए । पुस्तक बिक्रीका लागि एक सातादेखि झापामा रहेका उनलाई संस्थागत र व्यक्तिगत रूपमा आमन्त्रण गरेर पुस्तक किन्ने क्रम बढिरहेको छ ।

राष्ट्रिय आविष्कार केन्द्रमा हाल १५ प्रकारका कृषि औजार उत्पादन भइरहेका छन् । ती उपकरण भविष्यमा पालिकाका साना किसानका लागि लाभदायक हुने पुनको विश्वास छ ।

# लुम्बिनी युनेस्कोको खतराको सूचीबाट बाहिर

❑ नेस संवाददाता

काठमाडौं – बुद्ध जन्मस्थल लुम्बिनीले युनेस्कोको सम्भावित खतराको सूचीमा सूचीकृत हुनबाट तत्कालका लागि उन्मुक्ति पाएको छ । फ्रान्सको पेरिसमा जारी विश्व सम्पदा समितिको ४७ औं बैठकले लुम्बिनीमा भएका संरक्षण र व्यवस्थापन सुधारका प्रयासहरूको कदर गर्दै एक वर्षका लागि खतराको सूचीमा नराख्ने निर्णय गरेको हो ।

यो निर्णयसँगै युनेस्कोले लुम्बिनीको समग्र अवस्थाको स्थलगत अध्ययन गर्न एक 'रियाक्टिभ मनिटरिङ मिसन' पठाउने भएको छ । लुम्बिनी विकास कोषका वरिष्ठ निर्देशक ज्ञानिन राईका अनुसार, यही मिसनको प्रतिवेदनले लुम्बिनीको भविष्यको दिशा तय गर्नेछ ।

पछिल्लो समय लुम्बिनी विकास कोषले संरक्षणका लागि चालेका कदमहरू नै यो सुखद परिणामको आधार बनेका हुन् । कोषले पुरातत्व, पर्यटक व्यवस्थापन, प्राकृतिक प्रकोप, स्थानीय विकास र बौद्ध समुदायलाई समेटेर 'एकीकृत व्यवस्थापन संरचना' लागू गरेपछि युनेस्को सकारात्मक बनेको हो । कोषका सदस्यसचिव सानुराजा शाक्यले युनेस्कोका पुराना सिफारिसहरूको गहिरो



विश्लेषण गरी सोहीअनुसार सुधारका कामहरू अघि बढाइएकाले अन्तर्राष्ट्रिय समुदायको विश्वास जित्न सफल भएको बताए ।

गत वर्ष दिल्लीमा सम्पन्न ४६ औं बैठकमा भारतले सुधारका लागि एक वर्षको समय दिनुपर्ने भन्दै राखेको प्रस्तावपछि लुम्बिनीले यो अवसर पाएको थियो । सोही अवसरलाई सदुपयोग गर्दै कोषले विज्ञहरूसँगको सहकार्यमा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्नेदेखि लिएर ठोस संरक्षणका योजनाहरू कार्यान्वयन गर्नेसम्मका काम गरेको थियो ।

OUR SERVICES
• Real Estate (नेपाली फुदोउसान)
• Restaurant Business
• Halal Food Business
• Money Express
• Travel & Tour Agency
• Manpower Agency
• Education Consultant
• Visa Consultant
• Tax Accountant
• Vehicle Export & Import Agency
• Rafting / Wifi & Sim

株式会社 EVEREST TRADE
(नेपाली फुदोउसान)
सस्तो कोठा भाडामा, घर तथा रेष्टुरेन्ट खरिद बिक्रि गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला
Tel : 03-5937-0506 Fax: 03-5937-0937
• 080-9665-0800 Shiba Poudel
• 090-3085-0265 / 080-9172-2200 Poudel Bikash
• 080-4292-1619 / 080-8815-8839 Yamaguchi
• 080-2556-8115 Poudel Ishwor
Google Maps Facebook Website
〒169-0073
東京都新宿区百人町2-4-5ライオンズマンション新大久保604
Lions Mansion Shinokubo 604, Hyakunincho 2-4-5 Shinjuku, Tokyo
Tel: 03-5937-0506, 03-5937-0937 Fax: 03-5937-0937

KANTIPUR BOUTIQUE JAPAN
विवाह, व्रतबन्ध, एनिभर्सरी, पास्नी लगायतका पार्टीहरुका लागि आवश्यक पर्ने साडी, कुर्था, लेहङ्गा तथा दौरा-सुरुवाल, ढाकाटोपी जस्ता नेपाली-इण्डियन सामान सुपथ मूल्यमा उपलब्ध गराईन्छ । साथै ढाकाको खादा तथा ब्याच लगायतका सामग्री पनि उपलब्ध छ ।
03-6908-6670
090-9139-9735
facebook.com/kantipurboutique
KANTIPUR BOUTIQUE
Mausam International Co. Ltd.
2-4-5 (706) Hyakunincho, Shinjuku-Ku, Tokyo
(Only 30 Second From JR Shin-Okubo Station)

इ-पासपोर्ट प्रोसेसिङ गरिन्छ
VIBER OK!!
सम्पर्क:
080-4150-5314

दशकौंको अनुभवसहित यहाँहरूको सेवामा हाजिर छौं।
बाबुआमा वा अरू कोही आफन्तलाई भिजिट भिसामा जापान घुम्न बोलाउन चाहानुहुन्छ भने डकुमेन्ट सपोर्टका लागि हामीलाई सम्झनुहोला।
080-4150-5314 (Viber OK)
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax: 03-5937-5314
info@gmt-intl.com

# शक्तिशाली ..

पृष्ठ १ को बाँकी

खुम्चिनु ।

**तपाईंले 'दलतन्त्र'को कुरा उठाउनुभयो । यो सँस्कृतिको जग कसरी र कहिलेदेखि बस्यो ? यसलाई संस्थागत गर्नमा कसको भूमिका बढी देख्नुहुन्छ ?**

दलतन्त्रको यो सँस्कृति निर्माणमा सबै प्रमुख दलहरू जिम्मेवार छन् । तर, अनुभवका आधारमा भन्नुपर्दा, यसको संस्थागत आरम्भ २०४८ सालमा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा बनेको कांग्रेस सरकारले गरेको हो । त्यतिबेला हरेक संस्थामा कांग्रेसीकरण गर्ने लहर नै चल्यो । विद्यालयका शिक्षकदेखि सामान्य कर्मचारीसम्म, जो कांग्रेसप्रति बफादार छैन, उसले अपायक सरूवा र अनेक दुःख पायो । रेडक्रस होस् कि स्काउट, विश्वविद्यालय होस् कि अस्पताल, जताततै कांग्रेस हुनुपर्ने चरम दलीयकरणको अभ्यास भयो । त्यतिबेला सत्तामा कांग्रेसको एकलौटी थियो, तर पछि जब वामपन्थी दलहरू सरकारमा आउन थाले, उनीहरूले यो गलत अभ्यासलाई रोक्नुको सट्टा त्यसलाई अझै संस्थागत गरे । आज अवस्था यस्तो छ कि सर्वोच्चका न्यायाधीशदेखि अस्पताल विकास समितिको अध्यक्षसम्म, सबै नियुक्तिमा योग्यताभन्दा दलीय बफादारी निर्णायक हुन्छ । लुम्बिनी प्रदेशका १४ वटा अस्पतालको नेतृत्व कांग्रेस र एमालेले सात-सात ठाउँमा भाग लगाएको समाचारले नै हाम्रो दलीयकरणको कुरूप चित्र देखाउँछ । यसरी कोइरालाले रोपेको बीजलाई हुर्काउने काम सबै दलले गरे ।

**यो दलतन्त्रको विस्तारमा आफूलाई श्रमजीवी वर्गको प्रतिनिधि भन्ने वामपन्थी दलहरूको भूमिका पनि छ भन्नुभयो, उनीहरू वैचारिक रूपमा कसरी चुके ?**

वामपन्थीहरूको भूमिका झनै विरोधाभासपूर्ण छ, किनकि उनीहरूको वैचारिक धरातल नै बदलिएको छ। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले एक अन्तर्वार्तामा भनेजस्तै, नेपालका कम्युनिस्टहरू अब 'विचारधारात्मक' रहेनन्, 'राजनीतिक कम्युनिस्ट' भएका छन् । उनीहरूले मार्क्सवादको वैचारिक प्रतिबद्धता छाडेर केवल सत्ता प्राप्तिको राजनीति गरिरहेका छन् । जसरी काँग्रेसले समाजवादको नारा लगाउँदै



आसेपासे पुँजीवादको संरक्षण गर्छ, त्यसरी नै कम्युनिस्टहरूले श्रमजीवी वर्गको कुरा गर्दै दलाल र बिचौलिया पुँजीपतिसँग साँठगाँठ गरेका छन् । उनीहरूका लागि 'कम्युनिस्ट' एउटा ब्राण्ड नाम मात्र भएको छ, जसको आडमा आफ्नो जनाधार टिकाइराख्ने काम हुन्छ । विचारमा आएको यही स्खलनले उनीहरूलाई लक्ष्यविहीन र सिद्धान्तहीन बनाएको छ । पहिले ज्यान हत्केलामा राखेर हिँड्नेहरू आज नैतिक र आर्थिक विचलनको रसातलमा भासिनुको मूल कारण यही वैचारिक पतन हो ।

**यही वैचारिक स्खलन र व्यक्तिगत टकरावका बीच 'वामपन्थी एकता' को चर्चा पनि बारम्बार सुनिन्छ । विद्या भण्डारीको सम्भावित पुनरागमनले यसलाई कति प्रभाव पार्ला ? के अब वाम एकता सम्भव छ ?**

हेर्नुस्, नेपालको राजनीतिमा भविष्यवाणी गर्न गाह्रो छ । तर जहाँसम्म वाम एकताको कुरा छ, वर्तमान नेतृत्व (केपी ओली र पुष्पकमल दाहाल 'प्रचण्ड') रहुञ्जेल यो लगभग असम्भव छ । उहाँहरूबीच यति गहिरो अविश्वास छ कि फेरि विश्वास स्थापित भएर एकता हुनु 'स्यालको सिङ पलाउनु' जस्तै हो । उहाँहरूले पार्टी एकता त गर्नुभयो, तर त्यो आम पङ्क्तिमा छलफलबाट होइन, दुई नेताको लहडमा आधारित थियो, त्यसैले टिकेन । विद्या भण्डारीको पुनरागमनको चर्चा अहिले काल्पनिक नै छ र उहाँको आगमनले मात्रै गठबन्धनमा तत्काल कुनै ठोस प्रभाव पार्छ भन्ने म देख्दिनँ । एकताका लागि नेतृत्व परिवर्तन एउटा महत्वपूर्ण सर्त हो । यदि दुवै पार्टीका महाधिवेशनबाट नयाँ र 'फ्रेस' अनुहार नेतृत्वमा आए भने एकताका लागि अलि अनुकूल वातावरण बन्न सक्छ ।

**एकताको कुरा गर्दा नेतृत्वको प्रश्न जोडिएर आउँछ । नेपालका कम्युनिस्ट पार्टीहरूमा नेतृत्व परिवर्तनको प्रक्रिया निकै जटिल छ । किन एउटै अनुहार दशकौंसम्म टिकिरहन्छ ?**

यसमा एउटा विशेष कारण छ । अहिले जो लामो समयदेखि नेतृत्वमा हुनुहुन्छ, उहाँहरू एउटा विशेष 'आन्दोलनको कालखण्ड' (जस्तै पञ्चायतविरोधी आन्दोलन वा जनयुद्ध) बाट स्थापित हुनुभएको हो । त्यो आन्दोलनको विरासत र त्यसको 'धङधडी' वा ' ह्याङओभर' बाँकी रहेकाले उहाँहरूलाई तत्काल विस्थापित गर्न नसकिएको जस्तो देखिएको हो । प्रचण्डकै कुरा गर्दा २०६४ सालसम्म उहाँको नेतृत्वमा खासै विवाद थिएन । पछि उहाँलाई चुनौती दिनेहरू सफल नभएपछि आफै विस्थापित भएर गए । यही ऐतिहासिक प्रक्रियाको प्रभावले गर्दा नेतृत्वमा लामो समय टिकिरहने प्रवृत्ति विकसित भएको हो ।

**अब अलिकति वर्तमान सरकारको कुरा गरौं, दुई ठूला दल (एमाले र कांग्रेस) मिलेर बनेको सरकारले एक वर्ष पूरा गरेको छ । यसको कामलाई कसरी मुल्याङ्कन गर्नुहुन्छ ?**

यो सरकारको एक वर्षको कामलाई ' कामचलाउ' भन्न सकिन्छ । न विशेष अंक दिनुपर्ने, न त शून्यमा झार्नुपर्ने । यसको सबैभन्दा ठूलो सफलता भनेको सरकार टिकाइरहनु हो । गठबन्धनभित्र ठूलो द्वन्द्व देखिएको छैन र यो सरकारले बाँकी कार्यकाल पूरा गर्ने सम्भावना देखिन्छ । तर, यो गठबन्धन आफैमा जटिल छ । दुई प्रमुख प्रतिस्पर्धी दल मिलेर सरकार चलाउँदा एकले अर्कालाई राम्रो काम गर्नबाट रोक्ने खतरा सधैं रहन्छ । सरकारले राम्रो काम गर्‍यो भने त्यसको जस कसले लिने भन्ने होडबाजी चल्छ । जस्तो, केही समयअघि लगानीमैत्री वातावरण बनाउन ल्याइएका अध्यादेशको जस कांग्रेसका मन्त्री गगन थापालाई गयो, जसले



एमालेलाई झस्कायो । यही अन्तर्विरोधले सरकारलाई ठूला र प्रभावकारी काम गर्नबाट रोकिरहेको छ ।

**सुशासनको मुद्दा निकै जोडतोडले उठेको थियो, यो एक वर्षमा सुशासनको क्षेत्रमा सरकारको प्रगति कस्तो पाउनुभयो ?**

सुशासनको क्षेत्रमा यो सरकार 'लम्पट' नै देखियो भन्दा फरक पर्दैन । भुटानी शरणार्थी प्रकरणमा बालकृष्ण खाणको बचाउ होस् वा मानव तस्करीको आरोप लागेका मन्त्रीलाई मुद्दा नचलाउने निर्णय, यसले सरकारको प्रतिबद्धतामाथि गम्भीर प्रश्न उठाएको छ । भिजिट भिसा प्रकरणमा गृह मन्त्रालय स्वयम् छानबिनको दायरामा आएपछि गृहमन्त्रीले राजीनामा दिनुपर्ने नैतिकताको पालना समेत गरेनन् । प्रधानमन्त्रीले आफ्नै अध्यक्षतामा शक्तिशाली आयोग बनाउनु देखावटीजस्तो मात्र लाग्छ । एकातिर आयोग बनाउने, अर्कोतिर आफ्नै मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक नगर्ने कार्यले सरकारको नियतमाथि शंका उत्पन्न गराउँछ । जबसम्म पारदर्शिता हुँदैन र नेताहरू नागरिक अडिटका लागि तयार हुँदैनन्, सुशासनको कुरा भाषणमा मात्रै सीमित रहन्छ ।

**अन्त्यमा, यो निराशाजनक चित्र हेर्दा नेपाली राजनीतिको भविष्य कता जाँदैछ ? के यी दलहरूबाट सुधारको अपेक्षा गर्न सकिन्छ ?**

भविष्य चुनौतीपूर्ण छ । आजको मुख्य समस्या भनेको दलहरूले आफ्नो वैचारिक चरित्र बदलेका छन्, तर सुशासन र 'डेलिभरी' दिन सकेका छैनन् । यसैले गर्दा आम जनतामा, विशेषगरी नयाँ पुस्तामा, चरम निराशा छ । यो वर्ष मात्र अस्ट्रेलिया जान ६५ हजारले 'नो अब्जेक्सन लेटर' लिनुले यही निराशाको गहिराइ देखाउँछ । वामपन्थीहरू वामपन्थीजस्ता भइदिए मात्र पुग्थ्यो । उनीहरूले उत्पीडित वर्गको पक्षमा काम गर्दै नेपालको उत्पादक शक्तिलाई विकास गर्ने वातावरण बनाइदिए हुन्थ्यो, तर यति पनि गर्न सकेनन् । जबसम्म दलहरू यो 'दलतन्त्र'को दलदलबाट बाहिर निस्किँदैनन् र शासन विधिले होइन, नेताको तजबिजले चल्छ, तबसम्म सुधारको सम्भावना कम छ। दल चाहिन्छ, तर दलतन्त्र होइन। जबसम्म यो मान्यता स्थापित हुँदैन, हाम्रो लोकतन्त्र नाम मात्रको र समाज निराश भइरहनेछ ।

# जापानमा विदेशी ..

पृष्ठ १ को बाँकी

चिन्तित छन् । तीन वर्षदेखि जापानमा रहेका बेलायतका २७ वर्षीय अलेक्जेन्डर होवेल-ज्याक्सन भन्छन्, 'सानसेइतो जस्ता पार्टीहरूको उदयले यो स्पष्ट देखाउँछ । जब अर्थतन्त्र कमजोर हुन्छ र मूल्यवृद्धि हुन्छ, मानिसहरू दोष दिन कसैलाई खोज्छन्, र त्यो दोष प्रायः विदेशीहरूमाथि थोपरिन्छ ।'

सन् २००६ देखि जापानमा बस्दै आएका अमेरिकाका ५५ वर्षीय मार्क विलियम्स पनि अनलाइनमा विदेशीहरूप्रति दृष्टिकोण बदलिएको महसुस गर्छन् । यद्यपि, उनी आफ्नो दैनिक जीवनमा कुनै नकारात्मक अनुभव नभएको बताउँछन् । 'मेरो सहकर्मीहरूले मलाई सधैं राम्रो व्यवहार गरेका छन् । म मानिसहरूलाई उनीहरूले मसँग प्रत्यक्ष रूपमा गर्ने व्यवहारको आधारमा मुल्याङ्कन गर्छु, अनलाइनमा के भनिन्छ भन्ने आधारमा होइन,' उनले भने ।

मेक्सिकोका ३९ वर्षीय म्याक्सिमो अरोजारेना पनि यो विश्वव्यापी प्रवृत्ति भएको बताउँछन् । उनी भन्छन्, 'सतहमा हेर्दा विदेशीबारेका टिप्पणीहरू नराम्रा सुनिँदैनन्, तर यसको सन्दर्भ बुझ्नेहरूका लागि यो चिन्ताजनक छ ।'

यसैगरी लामो समयदेखि जापान बस्दै आएका एनआरएनएन जापानका संस्थापक अध्यक्ष समेत रहेका नागरिक अगुवा राजन प्रधानाङ्गले बाहिर मिडियामा आएजस्तो विदेशी विरोधी भावना बढेको भन्न नमिल्ने बताए । सामाजिक सञ्जालको आजको दुनियाँमा नकारात्मक विषयवस्तुले पहिले र चाँडो स्थान पाउने भएकोले यो कुरो अलि पेचिलो देखिएको हुनसक्छ तर गहिराईमा गएर हेर्ने हो भने विदेशीहरूका सम्बन्धमा जापान सरकारको नीति स्थिर छैन, जनशक्ति अभाव आपूर्ती गर्ने सन्दर्भमा विभिन्न मध्यस्थकर्ताहरूको माध्यमबाट आउने विदेशी कामदारहरू अपेक्षा गरेजस्तो गुणस्तरिय नपाउँदा सरोकारवलाहरू सन्तुष्ट हुन नसक्नु स्वाभाविकै हो । यस कोणबाट छिटफूट आउने प्रतिक्रियाले बढि महत्व पाएको मात्र हो । विदेशीहरू प्रति जापानीहरू पूरै नकारात्मक भएको भन्न नमिल्ने प्रधानाङ्गको जिकिर छ । उनी भन्छन् -'सतहमा त्यस्तो छैन । सीप जानेको, क्षमतावान, अनुशासित र गुणस्तरिय जनशक्तिको जापानले सँधै स्वागत गर्दै आईरहेको छ ।'






# K•LINE तपाईंको विश्वासिलो मानव संशाधन आपूर्ति कम्पनी

## जसले विभिन्न खाद्य उत्पादन कारखानाहरूमा कामदार उपलब्ध गराउँछ ।



हाल, जापानका बिभिन्न ५ स्थानका खाद्य कारखानाहरूमा करिब ४०० जना नेपाली पार्ट टाइम कर्मचारीहरू कार्यरत छन् । ती स्टाफहरूको व्यवस्थापनका लागि १७ जना (फुल-टाइमर सेइस्याईन) स्थायी कर्मचारीहरूले निम्नलिखित कामहरू गर्दैरहेका छन् :

१) **श्रम व्यवस्थापन :** समग्र व्यवस्थापनको काम, कामको निर्देशन, सिफ्ट बनाउने र कामको तालिका मिलाउने कार्य ।

२) **दोभाषे/अनुवाद :** कारखाना भित्रको भाषा अनुवाद, सुरक्षा र सरसफाइ सम्बन्धी सूचना तथा निर्देशनहरूको अनुवाद ।

३) **भर्ना प्रक्रिया :** विश्वविद्यालय, प्राविधिक विद्यालय, जापानी भाषा विद्यालय तथा नेपाली रेस्टुरेन्टहरूमा पुगेर प्रचार-प्रसार र भर्ना प्रक्रिया ।

२०२६ अप्रिलमा कम्पनि प्रवेश गर्ने स्थायी कर्मचारीका लागि ३ जनाको माग छ, तर योग्य उम्मेदवार भएमा थप संख्यामा भर्ना गरिनेछ ।

**भर्नाको निम्ति आवश्यक दक्षताहरू :** नेपाली भाषामा मातृभाषा सरहको दक्षता, जापानी भाषामा N2 स्तर (यदि प्रमाणपत्र नभए अन्तर्वार्तामा मूल्यांकन गरिनेछ) ।

**तलब:** कामको प्रदर्शन र दक्षता अनुसार मूल्याङ्कन गरिने छ ।

स्वस्थ, सदैव उत्साही र मिलनसार अनि नेतृत्व क्षमता भएका र सञ्चार क्षमता उत्कृष्ट भएका व्यक्तिहरूको आवश्यकता रहेको छ ।

काम सुरू गरेपछि तपाईंलाई प्रत्येक कारखानामा फुलटाइम नेपाली कर्मचारी सेइस्याईनहरूले नेपाली भाषामै तालिम दिनेछन । साथै, हाम्रो कम्पनीमा लामो समय देखि काम गर्दै आइरहेका कर्मचारीहरू धेरैजसो जापानी नागरिकता वा स्थायी आवास अनुमति प्राप्त





गरिसकेकाहरू छन् ।

**हालको कार्यस्थल:** खानागावा-सागामिहारा, गुन्मा-ताकासाकी, आइची-तोयोआके, मिय-कुवाना, टोकियो-ताचिखावा यी ५ स्थानहरूमा रहेका छन् । फुल-टाइम कर्मचारी (सेइस्याईन) हरूले यी सबै कारखानाको काम सिक्नुपर्ने भएकोले आफुले कार्यस्थल चयन गर्न मिल्नेछैन र आवस्यकता अनुसार कार्यस्थल परिवर्तन हुने सम्भावना पनि हुन्छ । केही कारखानाहरूमा दिउँसो र रातिको दुवै सिफ्ट छन् र तपाईंले कम्पनीको सिफ्ट तालिका अनुसार काम गर्नुपर्नेछ । काम सुरू गर्नु अघि ड्राइभिङ लाइसेन्स (普通自動車免許) अनिवार्य रहेको जानकारी गराउदछौं ।

K LINE K•LINE GROUP
www.k-linegroup.co.jp

कर्मचारी भर्ना विभाग: 内田 (उचिदा), 二口 (फुताकुची)

सम्पर्क
फोन:03-3358-4075
Line OK! Viber OK!
K-line Primeira

(नेपाली भाषा)
080-5433-9651 (निराजन थपलिया)
070-3619-2460 (चन्द्र मान थकाली)
070-2189-4246 (संजिता सापकोटा)

E-mail: kline-saiyo@primeira.jp

- विशेष कौशल भिषा तोकुतेई गिनोउ (特定技能 -खाद्य प्रसोधन क्षेत्र) मा पनि भर्ना गरिदैछ । हाल तोकुतेई गिनोउ २ भिषा (特定技能２号) भएका कर्मचारीहरू पनि कार्यरत छन् ।
- त्यस्तै, हाम्रा कारखानाहरूमा पार्ट टाइम कर्मचारीहरूको पनि माग भएकाले, कृपया कुनै हिच्किचाहट बिना नेपाली भाषी कर्मचारीहरूलाई सम्पर्क गर्नुहोस् ।



ठाउँ एक सुबिधा अनेक

ई-पासपोर्ट प्रोसेसिङ

भिसा सपोर्ट
(एड्ज्युकेन, जापानी पासपोर्ट)

भिजिट भिसा सपोर्ट

नेपाली अङ्ग्रेजी जापानी हिन्दी
डकुमेन्ट ट्रान्सलेशन

नेपाली समाचार समुद्रपारि
व्यवसायिक विज्ञापन

पुस्तक पत्रपत्रिका म्यागजिन दस्तावेज
प्रकाशन

मेन्यु चिरास्री साईनबोर्ड भिजिटिङ कार्ड
डिजाइन तथा प्रिन्ट

कम्पनी दर्ता
'Business Visa'

तोकुतेइ गिनोउ
(SSW)

वेबसाइट तथा
एप डेभलपमेन्ट

भिसा बिजनेश बैंक कर्जा शैक्षिक
परामर्श

फोटो/भिडियोग्राफी



विगत दुई दशकदेखि
सेवामा समर्पित छौं,
अवश्य सम्झनुहोला ।

Call us now!
080-4150-5314
OK Viber

GMT International

GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314
Web : www.gmt-intl.com www.samudrapari.com
Email: gmtintl.jpn@gmail.com


GMT International
*Published by: GMT International Co. Ltd., 2-14-4 Hyakunincho, Shinjuku, Tokyo 169-0073, Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314 (Viber Ok)*
*www.gmt-intl.com, www.samudrapari.com, Email: newspaper@gmt-intl.com, Editor in Chief: Tilak Malla, Designed By: Sagar Khadka*